# गोरखापत्र संस्थान

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ

## सुरक्षा सेवा सम्बन्धी बोलपत्र आह्वानको ३० दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०२/१४)

सा.प्र.सूचना न. सा.प्र ७/०७८/०७९

यस संस्थानको का.म.न.पा.वडा नं. २२ धर्मपथस्थित भवनको हाताभित्र आ.व. २०७९/०८० का लागि चाबीसै घण्टा सुरक्षा सेवा लिनुपर्ने भएकोले भूतपूर्व सैनिक/प्रहरी वा कुनै संगठित संस्थामा कम्तिमा ५ वर्षको सुरक्षा सम्बन्धी सेवा गरेका २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेका १ जना कमान्डर, २ जना महिला र ९ जना पुरुष सहित जम्मा १२ जना साथै संस्थानको पूर्वक्षेत्र प्रदेशस्तरीय प्रकाशन कार्यालय विराटनगर, मोरङका लागि ३ जना र पश्चिमक्षेत्र प्रदेशस्तरीय प्रकाशन कार्यालय कोहलपुर, बाँकेको लागि ३ जना गरी कुल जम्मा १८ जना सुरक्षाकर्मी आवश्यक परेको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सुरक्षा दिने सङ्घ संस्था वा कम्पनीहरूबाट प्रति व्यक्ति ८ घण्टाको ड्युटी समय तोकी मासिक तथा वार्षिक के कति दररेटमा उक्त कार्य गर्न सकिन्छ प्रष्ट खुलाई यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० दिनभित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सूचना प्रकाशित गरी लागू गरेको प्रावधान अनुसार र हाल आफूले कुनै निकायमा सुरक्षा दिईरहेको भए सो समेत प्रष्ट खुलाई पूर्व काम गरेको अनुभव स्पष्ट खुल्ने कागजपत्र समेत समावेश गरी सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रका सर्तहरू :**

१. बोलपत्र फाराम रु.३०००।- (तीन हजार) तिरी पछि फिर्ता नहुने गरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फराम भरी पेस गरेको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

२. प्रस्तावकले प्रस्तुत गर्नुपर्ने कागजातहरू :
   क) स्थानीय निकाय र भ्याट तथा प्यानमा दर्ता भएको प्रमाणपत्र,
   ख) चालु आ.व.मा आफूले प्राप्त गरेको श्रमिक आपूर्तिको इजाजतपत्र,
   ग) पछिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्र,
   घ) सामाजिक सुरक्षा कोषमा दर्ता भएको,
   ङ) स्थानीय प्रशासन कार्यालयबाट कार्य सञ्चालनको अनुमति लिएको र
   च) कम्पनी प्रमुखको नेपाली नागरिकताको प्रमाणपत्र
   स्वयम् प्रमाणित गरी सिलबन्दी बोलपत्र फाराममा सहीछाप गरी लाहाछाप लगाइ पेस गर्नुपर्नेछ । साथै संस्थानमा सुरक्षार्थ खटाइने सुरक्षाकर्मीको व्यक्तिगत तथा कार्यानुभवको विवरण र उमेर खुलेको प्रमाणपत्र सम्झौताका बखत पेस गर्नुपर्नेछ ।

३. बोलपत्र पेस गर्दा सिलबन्दी खाम बाहिर सुरक्षा सेवा सम्बन्धी सिलबन्दी बोलपत्र फाराम भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

४. बोलपत्र दाताले रु.१,१००००।-(अक्षरेपी एक लाख दस हजार रुपैयाँ मात्र) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौँ अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००००१ मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैकबाट सो रकम बराबरको ९० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

५. बोलपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औँ दिन अर्थात् २०७९।०३।१३ गते दिनको १२:०० बजेभित्र बोलपत्र संस्थानमा दर्ता भई सक्नुपर्नेछ । उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ । रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

६. बोलपत्रमा उल्लेख गरेको दररेट अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ, फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. प्राप्त भएका बोलपत्रहरु ३१औँ दिन अर्थात मिति २०७९।०३।१३ गते दिनको २:०० बजे संस्थान भवनमा खोलिने छ । यदि उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र दातालाई कुनै कारण जनाउ नदिइकन पनि बोलपत्र आंशिक वा पुरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र संस्थानमा उपस्थित भई ५ प्रतिशत कार्य सम्पादन जमानत जम्मा गरी द्विपक्षीय सम्झौता गर्नुपर्नेछ । उक्त समयभित्र सम्झौता गर्न नआएमा संस्थानले धरौटी जफत गरी बैकल्पिक व्यवस्था गर्नेछ ।

१०. आफूले उल्लेख गरेको मासिक वा बार्षिक रकम भ्याट (मूल्य अभिवृद्धि कर) बाहेक भनी स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । उल्लेख नगरेको अवस्थामा प्रस्तावित रकमलाई भ्याट सहितको मानिने छ ।

११. स्वीकृत बोलपत्र दाताले सम्झौता भई सकेपछि कबुलियत बमोजिमको सेवा उपलब्ध नगराएमा संस्थानले सम्झौता रद्द गरी कार्यसम्पादन जमानत वापतको रकम जफत गर्नेछ ।

१२. यस सूचनामा उल्लेख नगरिएका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, नियम र कानून अनुसार नै हुनेछन् ।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

**फोन न. ४२२३०७८, ४२२६५६४**